फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा

कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.२०७९/०८०    चलानी नं.    मितिः२०७९/०८/१५

**गाई/भैंसी/बंगुरको खोर, गोठ तथा भकारो सुधारका लागि प्रस्ताब पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०८/१५

प्रस्तुत बिषयमा यस इच्छाकामना गाउँपालिका, पशु सेवा शाखा, कुरिनटार, चितवनको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खोर, गोठ तथा भकारो सुधार कार्यक्रम"** लागी बिनियोजित रकम रु. **५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैयाँ)**बाट खोर, गोठ तथा भकारो सुधार गर्न अनुदान उपलब्ध गराइने भएकोले यस गाउँपालिकामा बसोबास गरि पशुपालन व्यवसाय गर्दै आउनु भएका तपशिल बमोजिमका कृषकहरुले सूचना प्रकासित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन दिनुहुन अनुरोध छ ।

तपशिल

१. नेपाली नागरिकताको प्रतिलिपि १ थान ।
२. गाई/ भैंसीको हकमा कम्तिमा २ वटा पाडापाडी/बाच्छाबाच्छी भएको कृषक।
३. बंगुरको हकमा कम्तिमा २ वटा माउ भएको कृषक।
३. हाल सम्म संघ/प्रदेश/ स्थानीय तहबाट अनुदान नलिएको ।
४. आर्थिक रुपले बिपन्न भएको सम्बन्धित वडाको सिफारिस ।
५. सुचनामा तोकिएको फाराम बमोजिम प्रस्ताब पेस गर्नु पर्ने।

खोर/गोठ तथा भकारो सुधारको मापदण्ड

१. गोठ निर्माणमा स्थानियस्तरमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग भएको हुनुपर्ने ।
२. गाई/ भैंसीको गोठ/ भकारो निर्माण गर्दा घाँस पानी खाने स्थान तथा बस्ने ठाउँ छुट्टाछुट्टै हुनुपर्ने ३. पशु बस्तु बस्ने ठाउँ पक्की, भिरालो, पानी नजम्ने, पिसाब नथिग्रिने गरि सजिलै बगेर डुंडमा संकलित हुने व्यवस्था मिलाएको हुनु पर्ने ।
४. गोबरमल राख्ने खाडल पानीको मुहान तथा गोठबाट कम्तिमा २० फिट टाढा हुनु पर्ने ।
५.खोर/गोठ बनाउँदा जस्ताको छाना राख्नु पर्ने ।
६. खोर/ गोठ मुख्य सडक तथा बजार क्षेत्रबाट १०० मिटर टाढा हुनु पर्ने ।
६. प्राबिधिक अवलोकन तथा आर्थिक बिकास समितिको मूल्यांकन र निर्णय पश्चात आवश्यकता अनुसार प्रति कृषक अधिकतम रु. ३०,०००।- (अक्षरुपी तीस हजार) सम्म दिन सकिने ।

थप जानकारीका लागी सम्पर्क
नं: ९८६५५०५५०६, ९८६०६३३४४८
९८५५०५०९९९

..............
८/१५
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत